## सम्पादकीय

# पाका नेताका अस्वभाविक गतिविधि

नेपाली कम्युनिष्ट आन्दोलनमा लामो समय बिताएका र नेकपा एमालेमा झण्डै १६ वर्षसम्म नेतृत्व गरेका, चुनाव हारेर पनि प्रधानमन्त्री बनेका नेता माधवकुमार नेपालका पछिल्ला गतिविधिले नेपाली राजनीतिमा नयाँ तरंग ल्याएको छ। नेता नेपाल पछिल्ला यी गतिविधिका कारण नेपालको राजनीतिमा एक अनौठो पात्रको रूपमा देखा परेका छन्। खासमा उनले गरेका गलत काममै कारण कम्युनिष्ट नेतृत्वको सरकार ढलेको हो। आफू नै पार्टीका नेताका विरुद्ध विपक्षीलाई बोकेर सत्तामा पुऱ्याउन माधव नेपालहरुले खेलेको भूमिका कम्युनिष्ट आन्दोलनको मूल प्रवाहका विरुद्ध छ।

नेकपा (एमाले) को लामो समयसम्म नेतृत्व गरेका नेता माधव नेपाललाई फेरि किन पदको नाजायज भोक जागेको होला भन्ने कुराले आम कार्यकर्तालाई पिरोलिरहेको छ। आफ्नै पार्टीका अध्यक्ष केपी ओलीले नेतृत्व गरेको सरकारलाई विश्वासको मत नदिएर ढाल्ने, २० प्रतिशतले दल विभाजन गर्ने अध्यादेश ल्याउन लगाउने, नयाँ दलमा लाग्नेहरुको सम्पत्ति विवरण पनि बुझाउन नपर्ने र थ्रेसहोल्ड पनि राख्न नपर्ने जस्ता विषयले कतिपय नेताका लक्ष्य कता केन्द्रित छ भन्ने बुझिन्छ। खासमा उनीहरु समग्रमा देशमा राजनीतिक स्थायीत्व, विकास, खुशहाल र समृद्धिका अभियान अगाडि नबढून् भन्ने चाहन्छन्। यसको नेतृत्वमा पाका नेता माधव नेपाललाई उभ्याइएको छ।

पार्टीको महाधिवेशनको र सांगठनिक प्रक्रियाको बर्खिलाफ गएर आफ्नै पार्टीका निर्वाचित अध्यक्षलाई कानुन विपरीत सत्ता त्याग्न बाध्य बनाउने, पार्टीको नेतृत्वबाट पनि बलजफ्ती हटाउन चाहने जुन खेल भयो यो कुनै पनि मानेमा स्वीकार गर्न नसकिने खालको छ। प्रयोग भएर हो वा आफैं अग्रसर भएर हो यस्तो गर्नै नहुने काममा उनीहरु सामेल भए। आफ्नै पार्टीले नेतृत्व गरेको सरकारभन्दा विपक्षीले नेतृत्व गरेको सरकारलाई क्रान्तिकारी र अग्रगमनकारी देख्ने, एमालेभन्दा अरु दललाई नै संस्कारी देख्ने, आफ्नो दलका विरुद्ध आफैं निरन्तर क्रियाशील हुने हो भने एमालेमा रहिरहनुको कुनै अर्थ छैन।

पछिल्लो समय देखिएको पदलोलुप प्रवृत्तिले पनि नेपाली कम्युनिष्ट आन्दोलनमा समस्या खडा गरेको छ। पदलोलुप प्रवृत्तिमा रहेका कुनै पनि नेताबाट परिवर्तनको नेतृत्व हुन सक्तैन। विचारमै खोट भएपछि प्राप्त हुने परिणाम पनि अन्ततः चोटैचोटको हुने हो। यो बेलामा आम कार्यकर्ता र नेताहरु पार्टी विभाजनको विपक्षमा छन्, उनीहरु एकताबद्ध पार्टी चाहन्छन्। राष्ट्रिय राजनीतिमा रहेका कुनै पनि दल विभाजित हुनु राम्रो होइन। कुनै पनि पार्टीका नाममा गलत काम गर्ने कुरालाई स्वीकार्न सकिँदैन।

# मर्यादा भुलेका सभामुख



डिजी घिमिरे

सभामुख पद भनेको निश्पक्ष बस्ने पद हो। संसद्को गरिमा बचाउने, निश्पक्षता प्रदर्शन गर्ने र संसद्लाई मर्यादित तरिकाले सञ्चालन गर्ने भूमिका सभामुखको हो। विडम्बना प्रतिनिधि सभामा सभामुख अग्नीप्रसाद सापकोटाको भूमिका यतिबेला विवादास्पद बनेको छ। उस्तै विवादास्पद भूमिकामा लुम्बिनी प्रदेशसभाका सभामुख पूर्णबहादुर घर्तीको पनि छ। लुम्बिनी प्रदेशसभाका सभामुखलाई त संसद्मा कैयन् पटक किर्ते काम गरेको आरोप पनि छ। उनीहरु दुवै जनाले सभामुखको मर्यादा भुलेर प्रस्तुत भइरहेका छन्।

कानुन पनि आफूअनुकल अपब्याख्या गर्न खोज्ने, नियम पनि आफूलाई अनुकूल बनाउन खोज्ने र विधि पद्दतिको धज्जी उडाउने काम सभामुखबाट भइरहेको छ। विडम्बना यस्ता विषयमा कानुन व्यवसायीहरुले आवाज उठाउँदैनन्, मूलधारका भनिएका मिडियाहरुले कुनै समाचार बनाउँदैनन्। सभामुखको पदको गरिमा र मर्यादा बचाएर निष्पक्ष भूमिकामा प्रस्तुत हुन सभामुखहरुलाई आग्रह छ।

यहीँ बेलामा सरकारले दल विभाजन गर्नका लागि अध्यादेश ल्याएको छ। सरकारले पठाएको अध्यादेश राष्ट्रपतिबाट रोक्नै मिल्दैन्थ्यो त्यसैले राष्ट्रपतिबाट यो जारी भइसकेको छ। यो अध्यादेशको चौतर्फी विरोध भइरहेको छ। अदालतको परमादेशबाट आएको सरकारले आफ्नो सत्ता टिकाउनका लागि चालू संसद् अधिवेशन अन्त्य गरी दल विभाजन गर्नका लागि खुकुलो हुने गरी अध्यादेश ल्याएको छ। अघिल्लो दिनसम्म संसद् चलिरहँदा कुनै विद्येक प्रस्तुत नगरेको सरकारले रातारात संसद् अधिवेशन अन्त्य गरी राजनीतिक दलसम्बन्धी ऐनमा भएको विषयलाई परिवर्तन गर्न अध्यादेश ल्याएको छ।

आफूलाई अग्रगमनको पक्षधर बताउन रुचाउने वर्तमान गठबन्धनको सरकारले लोकतन्त्र र कानुनलाई धज्जी उडाउने गरी संसदीय व्यवस्थालाई खेलाँची मात्र गरिरहेको छैन लाखौंको संघर्ष र हजारौंको बलिदानबाट प्राप्त संसदीय यो व्यवस्थालाई नै अत्यन्तै भद्धा र कुरूप बनाउन खोजेको छ।

सांसदलाई सार्वभौम थलो भनेर व्याख्या गर्न रुचाउने वर्तमान गठबन्धनको परमादेश सरकारले हिजो यही संसद् पुनर्स्थापना गर्नका लागि आफूलाई उभाएर आफूलाई अग्रगमनको व्याख्या गर्थ्यो। आज त्यही सांसदलाई बन्द गरेर गरिएको यो हर्कत कुन दृष्टिकोणमा श्रेयस्कर र उत्तम ठहरिएला। सांसदलाई जनताको सर्वोच्च संस्था भन्ने गठबन्धनकारीहरूलाई संसद् केबल आफ्नो स्वार्थको गठ जोडबाहेक अरू कुराका लागि चाहिएको हैन रहेछ भन्ने कुरा यही घटनाले पुष्टि गर्दैन र ? ताजा जनादेशमा जान खुट्टा कमाएर संसद् ब्युँताउन मरिहत्ते गर्दै सडक संघर्षमा पुगेका गठबन्धनकारीहरुले यत्तिखेर आफ्नो स्वार्थ पुरा गर्न संसद् बन्द गरेका छन् यो कदम कुन अर्थमा र कसरी अग्रगमनकारी भयो ? आफ्नो स्वार्थका लागि सांसदलाई बलिको बोका बनाउँदै चोर बाटोबाट अध्यादेश ल्याउने कदमबाटै वर्तमान गठबन्धनकारीहरूको करणी र कथनीको भिन्नता प्रस्ट भएन ?

आफूले गर्दा जे पनि सही र अरूले गर्दा जे पनि गलत भन्ने गठबन्धन सरकार यत्तिखेर अध्यादेश प्रकरणले नरामोसँग नाङ्गेझार भएको छ। एक वर्षअघि ओली सरकारले राजनीतिक दलसम्बन्धी व्यवस्थामा भएको 'र' भन्ने शब्दको ठाउँमा 'वाँ' भन्ने शब्द राख्नकै लागि अध्यादेश ल्याउँदा गलत भयो भन्दै सडक तताउने प्रतिपक्षीहरुले अलिकति लाज र सरम पनि नराखी उल्टै दलसम्बन्धी ऐनको व्यवस्थामा 'र' को ठाउँमा 'वा' मात्र संशोधन गर्न खोजेनन् कि अझ त्यसभन्दा पनि तल गिरेर दल फुटाउनका लागि ऐनमा भएको दल विभाजनसम्बन्धी व्यवस्थामा ४० प्रतिशत संसद् र ४० प्रतिशत केन्द्रीय सदस्य चाहने व्यवस्थालाई २० प्रतिशत संसद् वा केन्द्र सदस्य भए मात्र पुग्ने बनाएका छन्।

अरूलाई अध्यादेशबाट सरकार चलायो, संसद्को हत्या गऱ्यो भनेर धारे हात लगाउने शेरबहादुर देउवा र उनका भजनमण्डलीहरुको सत्ताको यो भन्दा घृणित कुकर्म अरू के हुन सक्छ ? हिजो आफूलाई अग्रगमनको पक्षधर भन्दै सडकमा हुलहुज्जत बाँधेर कराउने यी पार्टीका हनुमाने कार्यकर्ता, नागरिक समाज, पत्रकारहरू यत्तिखेर गठबन्धन सरकारले गरेको यही गलत कामलाई कुन मुखले राम्रो भन्न सकिरहेका छन् ? के अघिल्लो वर्ष यस्तै प्रकृतिको विधेयक आउँदा भएभरका कुटा कर्कट शक्तिहरू एक भएर अध्यादेशको विरोध गरेका हैनन्। आज ती कुन मुख देखाएर समाजमा उभिन सक्छन् ? के लाज र नैतिकता भन्ने चिज यो समाजमा स्वार्थमा मात्र बिकिसकेको हो ?

अघिल्लो सरकारले अध्यादेश ल्याउँदा तिनबित्ता माथि उर्फिनेहरु तीनै दलहरू यही अध्यादेश ल्याउँदा कसरी गर्व गर्न सकिरहेका छन् र भित्रभित्र कसरी खुसी हुन सकिरहेका छन्। यस्तो घटिया चिन्तन र क्रियाकलाप हुनु के हामी सबैको विडम्बना हैन ? राजनीतिमा लाज र सरम भन्ने चिज अलिकति मात्र पनि बाँकी नरहने हो भने यत्ति साह्रो नीच र घटिया काम गर्दा केही फरक नपर्ला तर इतिहासमा यी दल र यिनको आदर्श कसरी पतित रहेछ भन्ने यो भन्दा ठुलो उदाहरण अरू के होला ? आफ्नो सत्ता बचाउनका लागि जनताले दिएको मतलाई रद्दीको टोकरीमा मिल्काएर दलीय अनुशासन तोड्न उद्धत नेता तथा सांसदहरू यत्तिखेर फेरी चोर बाटोबाट आफ्नो राजनीतिक रोटी सेक्न उद्धत छन्। सरकारले गरेको यही घृणित कामको साक्षीको किनारा बनेर सभामुख अग्निप्रसाद सापकोटाले समेत ल्याप्चे लगाइरहेको अर्को कुरूप र भत्ता दृश्य देखिँदै छ।


संघीय सभामुखले यत्तिखेर आफूलाई स्वतन्त्र र मर्यादित राख्न सकिरहेका छैनन्। यत्तिखेर सरकारले गरेको अनैतिक काम र कुनै अमुक गठबन्धनको हिसाब किताब र घाटा नाफाको मतियार बनिरहेका छन् सभामुख।

एमालेले दलीय ह्विप उलंघन गरेका सांसदहरूलाई कारबाही गरे पनि सभामुख अग्निप्रसाद सापकोटा आफूलाई थाहै नपाएझैं गरी यत्तिखेर निदाइरहेका छन्। उनी सरकारले एमाले विभाजन गर्न चोर बाटोबाट ल्याएको अध्यादेशलाई सफल पार्न भित्रभित्र खेलिरहेको स्पष्ट हुन्छ। पदीय मर्यादालाई भुलेर सभामुख अग्निप्रसाद सापकोटा आफ्नो मातृ पार्टी अर्थात् नेकपा माओवादीका अध्यक्ष प्रचण्डको इशारामा चलेको स्पष्ट हुन्छ। हिजो माओवादीबाट कारबाहीमा परेका सांसदहरूको चिठ्ठी संसद् सचिवालयमा पुग्दा नपुग्दै तात्तातै टाँस्ने र पदमुक्त भएको घोषणा गर्ने सभामुख यत्तिखेर एमालेले कारबाही गरेको पत्र पठाएको २४ घण्टासम्म पनि चुँ नगरी बसिरहेका छन्। हेर्दा लाग्छ उनी सभामुख नभएर गठबन्धन सरकारको छाँया मात्र हुन्।

संसद्को सर्वोच्चताको वकालत गर्ने सभामुख अग्निप्रसाद सापकोटाले सरकारसँग हठात् बन्द गरिएको संसद्को अधिवेशन बारे त बोल्न सकेनन् सकेनन्। सांसदहरूलाई समेत दिनभर झुकाएर अन्तिम अवस्थामा संसद् अधिवेशन अन्त्य गरेको सूचना सार्वजनिक गरे। संसद् अन्त्य गरेको केही घण्टा वित्दा नबित्दै राजनीतिक दल विभाजन गर्ने अध्यादेश ल्याएको सरकारको कामलाई यत्तिखेर उनै सभामुखले मलजल गरेको स्पष्ट हुँदैन ? आँट साहस र पारदर्शिता भए कुनै पनि विधेयक ल्याउने थलो भनेको संसद् हो। संसद् चल्नै नसक्ने विशेष अवस्थाका लागि व्यवस्था गरिएको संविधानको सानो छिद्रमा पसेर शासकहरु अध्यादेशका सहारा लिँदै आफ्नो कुन्शित मनसाय पूरा गर्न लालायित हुने गर्दछन्।

शासकहरूको यही गलत रवैयालाई करेक्सन गर्नु पर्ने र सबैको साझा दायित्व र भूमिकामा देखा पर्नुपर्ने सभामुख नै यत्तिखेर सरकारको गोटी बन्नु अत्यन्तै दुखद हो। अलिकति पनि नैतिकता छ भने कि त सभामुखले एमालेले कारबाही गरेका सांसदहरूलाई कारबाही गरेको सूचना प्रकाशित गर्न सक्नुपर्छ होइन भने स्वतः राजीनामा दिएर सभामुखको पदको मर्यादा कायम राख्नसक्नुपर्दछ।

आँट र मर्यादा र नैतिकता भन्ने जिनिस अलिकति पनि छ भने अध्यादेशको विरोध गर्दै तत्काल संसद् चालू गर्न सभामुख लागून्। कसैलाई पाखा र कसैलाई काखा गर्ने काम सभामुखबाट नहोस्। आफ्नो काँधमा आएको जिम्मेवारीलाई कसैको छाँया नबनी सम्पादन गरुन्। जसरी आफूलाई अग्रगमनकारी र संसदीय सर्वोच्च वकालत गर्ने परमादेश सरकार अध्यादेश प्रकरणबाट नाङ्गे झार हुँदै छ, त्यसैगरी र त्यही बाटोमा हिँडेर सभामुख नचुकून्।



संसद्को सर्वोच्चताको वकालत गर्ने सभामुख अग्निप्रसाद सापकोटाले सरकारसँग हठात् बन्द गरिएको संसद्को अधिवेशन बारे त बोल्न सकेनन् सकेनन्। सांसदहरूलाई समेत दिनभर झुकाएर अन्तिम अवस्थामा संसद् अधिवेशन अन्त्य गरेको सूचना सार्वजनिक गरे। संसद् अन्त्य गरेको केही घण्टा वित्दा नबित्दै राजनीतिक दल विभाजन गर्ने अध्यादेश ल्याएको सरकारको कामलाई यत्तिखेर उनै सभामुखले मलजल गरेको स्पष्ट हुँदैन ? आँट साहस र पारदर्शिता भए कुनै पनि विधेयक ल्याउने थलो भनेको संसद् हो। संसद् चल्नै नसक्ने विशेष अवस्थाका लागि व्यवस्था गरिएको संविधानको सानो छिद्रमा पसेर शासकहरु अध्यादेशका सहारा लिँदै आफ्नो कुन्शित मनसाय पूरा गर्न लालायित हुने गर्दछन्।

# अफगानिस्तानबाट छिटो उद्धार गरियोस्



विक्रम केसी

१३ जना नेपाली बम आक्रमणमा मारिएका छन्। यो खबर फैलियो। अकल्पनीय खबरले नेपाल स्तब्ध भयो। अफगानस्तानको काबुलमा बम आक्रमणमा परी १३ जना नेपालीको ज्यान गएको त्यो कालो बिहान थियो ०७३ असार ६ गतेको। बम आक्रमणमा परी ६ जना नेपाली घाइते भए। तिनका परिवारजनलाई असहनीय बज्रपात हुने नै भयो, सारा नेपाल र नेपालीको आँखामा आँसु भरियो, मनमा आक्रोश पलायो।

त्यस्तो बेला एकखाले मनुवा र मिडियाहरु सरकारविरुद्ध जाइलागेका थिए। नेपालमा मिडिया थोरै मात्र छन्, अधिकांश मिडिया दलाली कर्म गर्छन्, कालोलाई सेतो भन्छन्, सेतोलाई कालो लेख्छन्। त्यसबेला नेपाली मिडिया पूर्वाग्रह र दूराग्रह फैलाउन व्यस्त थियो। त्यो अकल्पनीय घटनालाई पनि सरकार विरोधी हर्कतमा उपयोग गर्ने प्रयास मिडिया शक्ति, राजनीतिक शक्ति र कथित नागरिक शक्तिले गरेको थियो।

हो, त्यसबेला केपी शर्मा ओली नेतृत्वको सरकार थियो। त्यो घटनाको थप बेलिबिस्तार अलि तल पनि लगाउँला। यहाँ त्यो घटनाको सन्दर्भ र आजको अफगानस्तानको अवस्था चर्चा गरौं। अहिले अफगानस्तान रणभूमि बनेको छ। तालिवानले देशको अधिकांश हिस्सा कब्जा गरिसकेको छ। राजधानी काबुललाई तालिवानले घेरा हालेको छ। बीचमा कुनै चमत्कार भयो भने बेग्लै कुरा, होइन भने काबुल सहित अफगानस्तानलाई तालिवानले कब्जामा लिन अब धेरै बेर लाग्दैन।

अफगानस्तानमा के हुन्छ त्यो उनीहरुको आन्तरिक मामिला हो। तर, गृहयुद्ध गर्ने देशले आफ्नो देशको मामिलालाई आन्तरिक मामिला भनेर उम्कन पाउँदैन। अफगानस्तानमा शान्ति स्थापना नेपालको मुख्य चाहना हो। तर, यो चाहनाको पक्षमा वर्तमान परमादेशीय सरकार कति उभिन्छ भन्न सकिन्न। किनभने विश्वका मुख्यमुख्य युद्ध पिपासु शक्तिहरुको चाहनामा देउवा सरकार बनेको जगजाहेर छ। अफगानस्तानमा नेपालको तत्कालको सरोकारको विषय हो-त्यहाँ रहेका नेपालीहरुको उद्धार।

देउवा सरकार कति संवेदनहीन छ भने यसका हर्ताकर्ताहरु अफगानस्तानमा नेपाली सुरक्षित छन्, उद्धार आवश्यक छैन भन्दैछन्। यस्तो सरकारी बोलिलाई सामान्य रुपमा लिन मिल्दैन। यो बोली होइन। यो त जघन्य अपराध हो। युद्धको आगोमा दनदनी बलिरहेको अफगानस्तानबाट आफ्ना नागरिकको उद्धार गर्न आवश्यक छैन भन्ने सरकार अपराधी नै हो।

माओवादी जनयुद्धकालमा प्रचण्ड, बाबुराम लगायतका नेताहरुले जसरी मान्छे मार्थे त्योभन्दा भयंकर तरिकाले तालिवानले हत्याकाण्ड मच्चाइरहेको छ। तालिवान त्यो शक्ति हो जसले कूटनीतिज्ञहरुलाई समेत मार्न हिच्किचाउँदैन। तालिवान त्यही शक्ति हो जसले ०७३ असार ६ मा योजनावद्ध रुपमा नेपालीहरुलाई काबुलमा मारेको थियो। त्यस्तो शक्तिले अफगानस्तान कब्जा गर्दैछ तर यहाँ देउवा सरकार उद्धार गर्न आवश्यक छैन भनिरहेको छ।

यो भनाइ हद दर्जाको अपराध हो। देउवा सरकारको अपराधी बयानविरुद्ध अहिले सडकमा टायर बल्नुपर्ने हो, प्रचण्ड, देउवालगायतका नेताहरुको पुत्ला जल्नुपर्ने हो। सारा मिडिया सरकारमाथि खनिनुपर्ने हो। अहँ, कम्फर्टेबल सरकार पक्षधर मिडिया बोल्दैन, नागरिक समाज उर्फ डलर समाज बोल्दैन। यस्तो मामिलामा प्लेकार्ड बोकेर माइतीघरमा तमासा गर्न कुनै एनजीओले फण्डिङ गर्दैन। किनभने देशमा कम्फर्टेबल सरकार छ। हजारौं नेपाली अफगानस्तानमा फसेको अवस्थामा कम्फर्टेबल सरकार आरामसँग निदाइरहेछ। कम्फर्टेबलका मतियारहरु पनि मुखमा पानी हालेर बसेका छन्। यस्ताहरुलाई 'कम्फर्टेबल अपराधी' भने हुन्छ।

**त्यो उद्धार, त्यो तदारुकता**

अफगानस्तानमा केही हजार नेपाली छन्। तिनका परिवारजन कैयन् दिनदेखि अनिदो छन्। भोकै छन्। सुर्ता चिन्ताले आज हजारौं नेपाली ब्याकुल भएका छन्। अहँ, कम्फर्टेबल सरकारलाई मतलब छैन। माथि चर्चा गरिएअनुसार यहाँ ०७३ असार ६ मा काबुलमा भएको हत्याकाण्ड प्रकरण स्मरण गरौं। सो घटना हुनासाथ तत्कालै प्रधानमन्त्री केपी ओलीले निन्दा गर्नुभएको थियो। मारिएका नेपालीको शव ल्याउने, घाइतेलाई काबुलमा प्रभावकारी उपचार गराउने, उनीहरुलाई नेपाल ल्याउने, काबुलमा रहेका अन्य नेपालीहरुको सुरक्षाका लागि पहल गर्ने काममा सरकारले तत्कालै एक्सन लिएको थियो।

घटनालगत्तै प्रधानमन्त्री ओलीले मन्त्रिमण्डलका सदस्यहरु, सुरक्षा प्रमुखहरु तथा उच्च अधिकारीहरुको विशेष वैठक बोलाउनुभएको थियो। नेपालीको शव ल्याउने तथा घाइतेहरुको उद्धार गर्ने काम ठाउँको ठाउँ थालिएको थियो। सो हत्याकाण्ड हुनासाथ ओली सरकारले नेपालबाट एउटा चार्टर विमान काबुल पठाउने निर्णय गरेको थियो। घटना हुनासाथ तत्कालीन परराष्ट्र सचिवले संसद्को परराष्ट्र समितिको बैठकमा घटनाको विस्तृत जानकारी गराएका थिए।

सो घटना सम्बन्धमा सूचना प्रवाह गर्न, अन्य समन्वय गर्न सरकारले सम्पर्क अधिकृतका रुपमा सुधिर भट्टराईलाई तोकेको थियो तथा सम्पर्कका लागि दुईटा फोन नम्बर र इमेल सार्वजनिक गरेको थियो। ओली सरकारले त्यो घटनालाई कति संवेदनशील रुपमा लियो भने राष्ट्रपति विद्यादेवी भण्डारी र अफगान राष्ट्रपति बीच फोन संवाद भयो। नेपालको परराष्ट्र मन्त्रालयले अफगानस्तानमा निरन्तर सम्पर्क र अनुगमन गरेको थियो। परराष्ट्रमन्त्री स्तरमा पनि फोन संवाद भयो। ओली सरकारले तत्कालै चार्टड विमान काबुल पठाएको थियो। घटनाको पर्सिपल्ट चार्टड विमानबाट नेपाली प्रियजन १३ जनाको शवलाई ओली सरकारले मातृभूमि ल्याएको थियो। साथमा नेपाल फर्कन चाहने २४ जना नेपालीलाई पनि ल्याएको थियो।

देउवा सरकारलाई एउटा जानकारी-घटनाको २७ घण्टा नबित्दै ओली सरकारले प्रियजनको शव नेपाल ल्याएको थियो। कम्फर्टेबल सरकारका महानुभावहरुलाई अर्को कुराको पनि जानकारी होस्। त्यसरी विमान नेपालबाट जाँदा र ल्याउँदा विभिन्न अन्तर्राष्ट्रिय प्रक्रिया पुराउनुपर्ने हुन्छ। मेडिको लिगल प्रोस्युडर, ओभर फ्लाइट पर्मिसन लगायतको काम २७ घण्टाभित्रै पूरा गरिएको थियो। अर्को कुरा पनि स्मरण गरौं-काबुल जाने टोलीमा नेपाली सेनाको मेडिकल टिमसमेत थियो। शव नेपाल ल्याएपछि हेलिकोप्टरमार्फत सम्बन्धित जिल्ला-गाउँमा पुराइएको थियो। नेपाली मारिएको घटनामा नेपाल सरकारले गरेको कडा कूटनीतिक प्रतिकार सारा विश्वले देखेको थियो। नेपालले रेस्क्यूमा देखाएको तदारुकता, रेस्क्यू अप्रेशन देखेर विश्वले प्रशंसा गरेको थियो।

**अहिलेका कम्फर्टेबल**

त्यसबेला नेपालले गरेको रेस्क्यु अप्रेशनमा अनावश्यक मान्छेलाई चार्टर्ड विमानमा काबुल लगिएको भन्दै ओली सरकारको खोइरो खन्ने मिडिया अहिले कम्फर्टेबल सरकारको पक्षमा छन्। शोकाकूल परिवारजनको आँसु पुछ्न छाडेर ती कम्फर्टेबल नेता र मिडियाले विमान चार्टर महंगोमा गरिएको भन्दै कुप्रचार गरेका थिए।

सन्तोष मानौं, अहिले अफगानस्तानमा नेपालीहरुलाई केही पनि भएको छैन। सरकारले गरेको अनौपचारिक आँकलनअनुसार काबुल बाहिर नेपाली छैनन्। काबुलमा एक हजार पाँचसय जति नेपाली भएको अनुमान छ। विगत ओली सरकारले केही मृतक तथा घाइते नेपालीका लागि त्यस्तो तिब्र गतिमा एक्सन लियो। अहिलेको सरकार सुतेर बसेको छ। त्यहाँका नेपालीको उद्धार तत्काल थाल्नुपर्नेमा सम्पर्कमा आउन फोन नम्बर चाहिँ सरकारले सार्वजनिक गर्ने भएको छ। काबुलका नेपालीलाई फोन नम्बर होइन उद्धार चाहिएको हो, यति कुरा कम्फर्टेबल सरकारले किन बुझ्दैन।

काबुलको अवस्था अहिले भयावह छ भन्ने सबैलाई थाहा भइसकेको छ। यस्तो बेला नेपालीको उद्धारका लागि सरकारले सम्पूर्ण व्यवस्था मिलाइसक्नुपर्ने हो तर सिन्का भाँचेको छैन। कम्फर्टेबलका मतियारहरु कानेखुसीको आवाजमा भन्दैछन्- नेपालीको उद्धार हुनुपर्छ। उनीहरु किन सानो स्वरमा उद्धारको कुरा गरिरहेका छन् भने कम्फर्टेबल सरकारको निद्रा भंग हुनुपर्छ। अफगानस्तानमा रहेका नेपालीलाई जेसुकै होस् तर यहाँ कम्फर्टेबल सरकारको निद्रामा वाधा पुग्नुहुँदैन भन्ने चिन्तन अपराधपूर्ण छ।

# भेटिँदैनन् नारायणीमा बेपत्ता भएकाहरु

**हरि शर्मा**

परासी, भदौ २ । नारायणी नदीमा डुंगा पल्टिदा मंगलबार २ जना बेपत्ता भए । माछा मार्ने क्रममा अनियन्त्रित हुँदा डुंगा नदीमा डुबेको हो । ५ जना सवारमध्ये ३ जना भने पौडी खेलेर बाँच्न सफल भए । बेपत्ता हुनेमा पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-३ का ४३ वर्षीय मंगल बिन छन् । उनी डुंगाका साहुसमेत हुन् । बेपत्ता हुने अर्कामा भारत बिहार प्रदेश भैंसालोटनका ३० वर्षीय दशरथ कोइरी छन् । नदीमा डुबेको डुंगा ५ किमी तल फेला परेको थियो । बेपत्ताको अहिलेसम्म अत्तोपत्तो छैन । प्रहरीले खोजी कार्यलाई निरन्तरता दिएको बताएको छ ।

गतवर्ष पनि नारायणी नदीमा डुंगा पल्टिँदा एक जना बेपत्ता भएका थिए । बेपत्ता हुने भारतीय नागरिक हुन् । सुस्तामा भइरहेको निर्माण कामका लागि इट्टा लिएर जाने क्रममा डुंगा अनियन्त्रित हुँदा नदीमा डुबेको थियो । अन्य व्यक्तिहरु भने पौडेर सकुशल निस्केका थिए ।

त्यस्तै वर्षायाममा नदीको भेलमा बगेर आउने दाउरा समात्न खोज्दा अघिल्लो वर्ष र त्यसअघिको वर्षमा पनि दुई जना बेपत्ता भए । बेपत्ता हुने नर्सही र रामनगरका हुन् । यी सबै घटना सुस्ता गाउँपालिकाको ठाँडीघाट र सुस्ता क्षेत्रको नारायणी नदी क्षेत्रमा भएका हुन् । बेपत्ता भएका कुनै पनि व्यक्ति फेला पर्न सकेका छैनन् । बेपत्ता भएकाहरु फेला नपर्नुमा नदीको गहिराई बढी रहेको प्रहरी चौकी रामनगरका प्रहरी सहायक निरीक्षक नारायण लुइँटेलले बताए । 'नदीमा बालुवा धेरै छ । डुबेपछि बालुवामै गाडिने सम्भावना बढी हुन्छ । त्यसैले पनि फेला पर्न मुश्किल भएको हो ।' लुइँटेलले भने ।



नारायणी नदी भारतको बिहार हुँदै पटनामा गएर मिसिएको छ । बेपत्ता भएकाहरु भारतमा फेला पर्न सक्ने सम्भावनालाई हेरेर प्रहरीले त्यहाँ पनि समन्वय गर्ने गरेको छ । वेपत्ता भएपछि त्यहाँका प्रहरी चौकीमार्फत भारतीय प्रहरीलाई खबर गरेर खोजी गर्न आग्रह गरिँदै आएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डिएसपी राजु लामाले बताए ।

गहिराई र बालुवा भाँसिएकाले खोजी कार्य पनि कठिन रहेको प्रहरीले जनाएको छ । नारायणी नदीमा डुंगा पल्टिने र बेपत्ता हुने घटनाहरु अधिकांश डुंगामार्फत सुस्ता गाउँ आऊजाऊ गर्दा, निर्माण सामाग्री ओसारपसार गर्दा, माछा मार्दा र भेलको दाउरा संकलन गर्ने क्रममा हुने गरेको सुस्ताका स्थानीयवासी रविन्द्र जयसवालले बताए ।

नदीमा पुल नहुँदा सुस्तावासीहरुको आऊजाऊ र सरसामान ओसारपसार गर्ने सवारीको माध्यम डुंगा नै हो । डुंगा पल्टिने घटना बढी हुने गरेपनि धेरै जना भने सकुशल पौडेर बाहिर निस्कने गरेको स्थानीयले बताएका छन् । सुस्ता जोड्नका लागि ६ वर्षअघि निर्माण कार्य थालनी गरेको झोलुङ्गे पुल अझै बन्न सकेको छैन । पुल नहुँदा सुस्तावासीहरु वर्षायाममा आफ्नै देशमा आउन भारतीय भूमिको प्रयोग गर्नुपर्छ भने कहिलेकाही भारतीय सुरक्षाकर्मीहरुले अवरोध गर्दा जोखिम मोलेर डुंगामार्फत आउनु पर्ने बाध्यता छ ।

# राहत बोकेर पीडितको घरमा सिडिओ

गुल्मी, भदौ २ (मेसस) । प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले चट्याङबाट मृत्यु भएका परिवारको घरमै पुगेर राहत वितरण गरेकी छन् । इस्मा गाउँपालिका-४ दोहलीका रामबहादुर गन्धर्वको घरमै पुगेर राहत प्रदान गरिएको हो । गत साउन २७ गते चट्याङ लागेर रामबहादुरका ११ वर्षीय छोरा राहुल गन्धर्वको ज्यान गएको थियो । राम बहादुरआफू पनि घाइते छन् । उनीसहित चट्याङ लागेर घाइते भएका मालारानीका रुपा नेपाली र किस्मत नेपाली लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा उपचार गरेर घर फर्किएका छन् । प्रमुख जिल्ला अधिकारी शर्माका अनुसार जिल्ला प्रशासन कार्यालयको तर्फबाट मृतक परिवार २ लाख र उपचारको लागि यातयात खर्चबापत ३ हजार प्रदान गरिएको छ । उनले घाइते परिवारको उपचार खर्चको लागि वडा कार्यालय र प्रहरी प्रतिवेदन माग गरेर प्रदेशमा पठाउने काम भइरहेको बताइन् । बिपन्न परिवार नै प्राकृतिक प्रकोपबाट पीडित भएको अवस्थामा राहतको लागि उल्टै खर्च गरेर प्रशासन पुग्नुपर्ने बाध्यतालाई आफूले सकेसम्म अन्त्य गर्न खोजेको प्रमुख जिल्ला अधिकारी शर्माको भनाइ छ । त्यस्तै सोही अवसरमा कम्बल र खाद्य सामग्री पनि पीडित परिवारलाई हस्तान्तरण गरिएको छ । मृतक परिवारलाई २० हजार र घाइते परिवारको उपचार खर्चमा सहजीकरण गर्ने इस्मा गाउँपालिका प्रमुख लक्ष्मण बिष्टले बताए ।

जिल्ला प्रशासन कार्यालयको टोलीसहित पीडित परिवारकोमा पुगेका बिष्टले शोकलाई शक्तिमा बदलेर नयाँ जीवनयापनमा लाग्न परिवारलाई आग्रह गरे । राहत वितरणमा प्रमुख जिल्ला अधिकारी शर्मासहित इस्मा गाउँपालिका प्रमुख/उपप्रमुख, गुल्मी प्रहरी प्रमुख, सशस्प प्रहरी प्रमुख, गुल्मीपति, राष्ट्रिय अनुसन्धान कार्यालय प्रमुख, वडाध्यक्षलगायतको सहभागीता रहेको थियो । टोलीले इस्मा कोभिड अस्पताल र आइसोलेसनको अवलोकन गरेका थिए ।

# विवरण नहुँदा अनुसन्धानमा समस्या

सुर्खेत, भदौ २ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मागेको विवरण उपलब्ध नगराएपछि अख्तियारमा आएका उजुरीको अनुसन्धानमा समस्या भएको छ । त्यसका कारण अख्तियारमा कमै मात्रामा उजुरी फछ्र्यौट हुने गरेको छ । आयोगको कार्यालय सुर्खेतमा आएका उजुरीमध्ये आधा पनि फछ्र्यौट हुन सकेका छैनन् । कार्यालयका अनुसार गएको आर्थिक वर्षमा ४६ प्रतिशत उजुरी मात्र फछ्र्यौट भएका छन् । आर्थिक वर्ष २०७७/७८ मा एक हजार दुई सय २० उजुरीमध्ये पाँच सय ७१ वटा पछ्र्यौट भएको छ । स्थानीय तहहरुले विवरण उपलब्ध नगराउँदा समस्या भएको आयोगका शाखा अधिकृत मेघनाथ सापकोटाले बताए ।

'कार्यालयमा उजुरी परेपछि उजुरीको विषयमा छानबिन गर्नुपर्ने हुन्छ त्यसका लागि स्थानीय तहसँग विवरण माग्नुपर्ने हुन्छ,' सापकाटाले भने, 'तर मागेको विवरण स्थानीय तहहरुले उपलब्ध गराउँदैनन् ।' भौगोलिक विकटताका कारण पनि अनुसन्धानमा समस्या हुने गरेको देखिएको छ । 'कर्णाली भौगोलिक रुपमा विकट प्रदेश रहेकाले यहाँका सबै स्थानीय तहमा पुग्न सक्दैनौँ,' सापकोटाले भने, 'हाम्रो टोली पुग्न नसकेका स्थानीय तहहरुमा पत्र र इमेलमार्फत विवरण माग्छौं तर वर्षौंसम्म पनि विवरण उपलब्ध हुँदैनन् ।'


आयोगको कार्यालय सुर्खेतमा अधिकांश उजुरीहरु स्थानीय तहका पर्ने गरेका छन् । अघिल्लो वर्ष मात्र स्थानीय तहअन्तर्गतका ६ सय २७ उजुरी परेका थिए जसमध्ये दुई सय ८७ फछ्र्यौट भएका छन् । तीन सय ४० उजुरी बाँकी रहेको कार्यालयले जनाएको छ ।

अघिल्लो आर्थिक वर्षमा कार्यालयमा एक हजार दुई सय २० उजुरी परेका थिए । यी फछ्र्यौट हुन बाँकी रहेका उजुरीहरुको विवरण प्राप्त नभएका कारण अनुसन्धानमा समस्या भएको कार्यालयका शाखा अधिकृत सापकोटाले बताए ।

कार्यालयका अनुसार भेरिगङ्गा नगरपालिकाविरुद्ध ३६ र वीरेन्द्रनगर नगरपालिकाविरुद्ध ३० वटा उजुरी परेका छन् । अधिकांश उजुरी सुर्खेत, दैलेख, कालीकोट, हुम्ला र जाजरकोटका स्थानीय तहका छन् । सुर्खेतका दुई सय ६४, दैलेखका दुई सय १४, कालीकोट एक सय ३८, जाजरकोटका एक सय १७ र हुम्लाका एक सय आठवटा उजुरी परेका हुन् ।


## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।




मार्का

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही

फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री

नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।



**BEST FINANCE COMPANY LTD.**
**बेष्ट फाइनान्स कम्पनी लि.**
BFC
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय:
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४४४२४६१/६२/६३

## धितोमा रहेको जायजेथा लिलाम बिक्री गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**(यसै व्यहोराको सूचना मिति २०७८/०५/०३ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित गरिएको छ)**

यस वित्तीय संस्थाको मिलनचोक शाखा कार्यालयबाट ऋण कर्जा उपभोग गर्दै आएका तपसिलमा उल्लेखित ऋणीले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई कर्जा लिदाका बखत गरेको शर्त उल्लंघन गरी कर्जा चुक्ता नगरेको तथा कर्जा चुक्ता भुक्तान गर्न बारम्बार लिखित, मौखिक ताकेता एवं राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकाहरुमा सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** संस्थामा सम्पर्क राखि संस्थालाई तिर्नु बुझाउन पर्ने बाँकि रकम चुक्ता फर्छयौट गर्न गराउन सम्बन्धित ऋणी, फर्मका प्रोप्राईटर, जमानीकर्ता तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत सूचित गरिन्छ । उल्लेखित समय भित्र कर्जा चुक्ता फर्छयौट नगरे/नगराएमा १६ औं दिनमा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित जायजेथा जहाँ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएको हुनाले तपसिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम सकार वा खरिद गरि लिन इच्छुक सर्वसाधरण महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नहुन यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल :**

| ऋणीको विवरण | संस्थागत तथा व्यक्तिगत धनजमानीको विवरण | |
|---|---|---|
| **१. ऋणी : जियाउल हक**<br>ना.प्र.नं.: ९२१०<br>जारी मिति : २०५६/०३/१५<br>जारी जिल्ला : रुपन्देही<br>बुबाको नाम : सम्सुदिन मुसलमान<br>बाजेको नाम : गुलहसन मुसलमान<br>ठेगाना : खुदावागर गा.वि.स./न.पा. वडा नं.-६, रुपन्देही<br>**कर्जा शिर्षक : अटो कर्जा, शाखा कार्यालय : मिलनचोक** | **१) नाम : दिलसाद बेगम**<br>ना.प्र.नं. : ३७।०१।७०।०४३०५<br>जारी मिति : २०७०/०३/१८<br>जारी जिल्ला : रुपन्देही<br>पतिको नाम : जियाउल हक<br>ससुराको नाम : सम्सुदिन मुसलमान<br>ठेगाना : खुदावागर गा.वि.स./न.पा. वडा नं.-६, रुपन्देही | **२. नाम : मतिउल हक मुसलमान**<br>ना.प्र.नं. : ४/७५<br>जारी मिति : २०४६/१/०९<br>जारी जिल्ला : रुपन्देही<br>बुबाको नाम : सम्सुदिन मुसलमान<br>बाजेको नाम : गुलहसन मुसलमान<br>ठेगाना : खुदावागर गा.वि.स./न.पा. वडा नं.-६, रुपन्देही |
| **सुरक्षण धितोको विवरण** : यस बेष्ट फाईनान्स कम्पनी लिमिटेडको नाममा रही ऋणी जियाउल हक रहेको ईन्जीन न.E017397 चेसिस न.:MEEJSRKF9H1001439 मोडल २०१७ को बा. १७ च. ८१८४ को रेनल्ट ईण्डिया लजी RXL को जीप १ थान । | | |







**पुनश्च** : माथि उल्लेखित ब्यहोरा अवगतार्थ अनुरोध गर्दै तोकिएको समय भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरी आफ्नो सम्पत्तिको संरक्षण गर्न हुन ऋणी, जमानीकर्ता, फर्मका प्रोप्राईटर तथा धितो सुरक्षण लेखि दिनु हुने जग्गा धनी समेतलाई पूनः अनुरोध गरिन्छ । अन्यथा तोकिएको मितिमा धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री हुने भएकोले उक्त दिन समयमा नै उपस्थित भई लिलाम सम्बन्धी कार्यको प्रत्यक्ष जानकारी लिन हुन समेत यसै सूचना मार्फत सूचित गएिको छ ।

**धितो लिलाम बिक्रीका शर्तहरु :**

१) बोलपत्र आवेदन फारम २०७८/०५/०३ गते देखि संस्थाको प्रधान कार्यालय/सम्बन्धित शाखा कार्यालयबाट रु.१०००।०० तिरी प्राप्त गर्न सकिनेछ ।
२) बोलपत्रदाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको धरौटी खाता नं ९१७१०५०१००७० (प्रधान कार्यालय) मा नगद दाखिला गरी सो को सक्कल भौचर वा यस संस्थाको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको Good for Payment Cheque संलग्न गर्नु पर्नेछ ।
३) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनु पर्नेछ । बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था, फर्म, कम्पनी भएमा अख्तियारनामा सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नु पर्नेछ ।
४) शिलबन्दी बोलपत्र फारम मिति २०७८/०५/१७ गते भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा दर्ता गराई सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखी आएका आवेदनहरु उपर कुनै कारबाही गरिने छैन ।
५) सो बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०७८/०५/१८ गते शुक्रबार दिनको २:०० बजे यस संस्थाको प्रधान कार्यालय कमलादी काठमाण्डौंमा सरकारी प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनमा सोहि स्थान र समयमा बोलपत्र खोलिने छ । बोलपत्र खोलिने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
६) बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७(सात) दिन भित्र धरौटि वापत जम्मा गरेको रकम कटाई बाँकी कवोल गरेको रकम यस संस्थामा जम्मा गर्नुपर्नेछ । उक्त मिति भित्र बाँकी रकम जम्मा नगरे धरौटि रकम जफत हुनेछ यसमा पछि कुनै उजुर लाग्ने छैन । स्वीकृत बोलपत्रदाताले सम्पत्ति आफ्नो नामसारी दा.खा. गर्दा लाग्ने नियमानुसार को सरकारी शुल्क/दै-दस्तुर आफैंले बुझाउन पर्नेछ ।
७) बोलपत्र फाराममा आफुले वोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।
८) लिलाम गर्दा गदै नभ्याएमा त्यसको भोलिपल्ट कार्यालय समयमा निरन्तर लिलामको कार्य जारी रहनेछ ।
९) यस सम्बन्धमा अन्य कुराहरु बुझ्नु पर्ने भएमा संस्थाको प्रधान कार्यालय कमलादीमा सम्पर्क राखि जानकारी लिन सकिनेछ ।

**शिलवन्दी बोलपत्र खोलिने मिति : २०७८/०५/१८ गते शुक्रबार**
**स्थान : प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, समय : दिउँसो २:०० बजे**


# पहुँचवालाले पाए राहत, पीडितले अझै पाएनन्

इनरुवा, भदौ २ । हजारौंलाई घरबारविहीन बनाउने गरी २०६५ साल भदौ २ गते आएको बाढी यसक्षेत्रका सर्वसाधारणका लागि अझै ताजै छ ।

भत्केको सप्तकोशीको बाँध र त्यसले निम्त्याएको समस्या बाढी पीडितहरूले बिर्सन सकेका छैनन् । त्यही कोशी कहरको मंगलबार १३ वर्ष पुगेको छ । यो दिनलाई बाढी प्रभावित क्षेत्रका बासिन्दाले कालो दिनका रूपमा मनाउने गरेका छन् । १३ वर्षअघि अर्थात् २०६५ साल भदौ २ गते सप्तकोशी नदीले पश्चिम कुसाहा तटबन्ध भत्काउँदा सुनसरीको तत्कालीन पश्चिम कुसाहा, हरिपुर, श्रीपुर, मधुवन र लौकही गाविसका हजारौं परिवार विस्थापित भएका थिए भने अर्बौंको क्षति भएको थियो । खेतीयोग्य हजारौं बिघा जग्गा बालुवामय बनाउने गरी आएको बाढीले हजारौं सर्वसाधारणलाई बेरोजगार बनायो । तर, कोशी बाढीको १३ वर्ष पुगे पनि पीडितहरू अहिले पनि राज्यबाट आफूहरूले पाउनुपर्ने राहत तथा सहयोग पाउन नसकेको गुनासो गरिरहेका छन् । पीडितहरूको नाममा विभिन्न क्षेत्रबाट राहत आए पनि आफूहरूले नपाएको उनीहरू गुनासो छ ।

पीडितले विस्तारै आफ्नो पुरानो दैनिक अवस्थामा फर्किन थालेको छ भने बाढीबाट क्षति भएको जग्गा अहिलेसम्म पूर्ण अवस्थामा आउन नसकेको र सरकारले भनेको पूर्ण राहतसमेत पाउन नसकेको कोशी गाउँपालिका-६ का विन्देश्वर मेहताले बताए ।

तत्कालीन प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले कोशीपीडितलाई घरमर्मत गर्नका लागि ३५ केबी काठ दिने निर्णय गरेको भए पनि अहिलेसम्म त्यो काठ वितरण नभएको कोशीपीडित संघर्ष समितिका अध्यक्ष पञ्चनारायण मण्डलले बताए । सुनसरीको साविक पश्चिम कुसहा गाविस-४ हालको कोशी गाउँपालिकास्थित कोशी नदीको पूर्वी तटबन्धको स्पर नम्बर १२ दशमलव १० तथा स्पर नम्बर नम्बर १२ दशमलव ९० बीचमा पानीको धक्काले फुटेर विनाशकारी बाढी गाउँमा पसेको थियो । कोशीको भङ्गालो गाउँमा पसेकाले सात हजार ५६३ परिवारका ४२ हजार ७६५ स्थानीयवासी विस्थापित भएको दिन भदौ २ गते १३ वर्ष पूरा भएको छ, तर विस्थापित भएका कोशीपीडितको जनजीविका अझैं पूर्वावस्थामा फर्कन नसकेर अधुरै रहेको संघर्ष समितिका अध्यक्ष मण्डलको भनाइ छ ।

यो अवस्थालाई केलाउँदा सुनसरीको कोशी बाढीपीडितको राहत, क्षतिपूर्ति तथा पुनःस्थापनाका विषयमा विभिन्न माग राखेर कोशीपीडितले विसं २०६५ भदौ २७ गते सरकारलाई प्रेस विज्ञप्ति जारी गरी विभिन्न आन्दोलनको घोषणा गरेकाले तत्काल सुनसरी जिल्ला प्रशासन कार्यालयले विसं २०६५ पुस १ गते समस्या समाधानका लागि गृहमन्त्रीसँग वार्ताको वातावरण मिलाइदिएको र वार्तापश्चात् उपप्रधानमन्त्रीस्तरको पुस २२ को निर्णयबाट सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एक इकाइ गठन गरेको केही समयपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले देशवासीको नाममा सम्बोधन गर्ने क्रममा कोशी बाढीपीडित क्षेत्रको समस्या समाधानका लागि एक उच्चस्तरीय कार्यदल गठन गर्ने प्रतिबद्धता जनाएअनुसार विसं २०६५ फागुन २२ गते मन्त्रिपरिषद्को निर्णयबाट तत्कालीन सभासद नन्दनकुमार दत्तको संयोजकत्वमा २० सदस्यीय कोशी बाढीपीडित व्यवस्थापन उच्चस्तरीय कार्यदल गठन गरेको थियो ।

सो कार्यदलले यर्थात प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको १३ वर्ष बित्दासमेत कार्यदलको प्रतिवेदन पूर्ण रुपमा कार्यान्वन नभएको बाढीपीडितको गुनासो छ । कार्यदलले आफ्नो प्रतिवेदनमा बजेट सम्बन्धमा सिफारिस प्रतिवेदनमा उल्लेख भएबमोजिमका रातो, पहैंलो र हरियो भनी वर्गीकरण गरिएका क्षेत्रमा के कति कस्ता प्रकृतिका घरजग्गा पर्दछन् तथा कति परिवार बसोबास गर्दछन् भन्ने यकिन तथ्याङ्क प्रतिवेदनमा नखुलेको र बजेट अनुमानसमेत प्राप्त नभएको अवस्था हुँदा सम्बन्धित मन्त्रालयले गृहकार्य गरी आवश्यक बजेट निकासाका लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने र अर्थ मन्त्रालयले निकासा दिने उल्लेख गरिएको छ । उच्चस्तरीय कार्यदलबाट प्राप्त सुझावलाई हेर्दा रातो क्षेत्रमा पर्ने पीडित परिवारमध्येबाट जग्गा सुधार कार्यका लागि ट्र्याक्टर खरिद गर्न चाहनेलाई निर्ब्याजी ऋण उपलब्ध गराउने, विभिन्न बैंक तथा वित्तीय संस्थाबाट बाँध फुट्नुअघि पीडितले लिएको सम्पूर्ण ऋण मिनाहा गर्ने, बाढीपीडित परिवारलाई नेपालभर निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था ३ वर्षका लागि उपलब्ध गराउने, वैदेशिक तथा स्वदेशी रोजगारीमा बाढीपीडित परिवारका बेरोजगार युवायुवतीलाई प्राथमिकता दिने, वैदेशिक रोजगारीमा सरकारी कोटा उपलब्ध गराई निःशुल्क राहदानी, (भिसा) जाने व्यवस्था मिलाउनुपर्ने, बाँध फुटाउने (तारजाली झिक्ने, ढुङ्गा निकाल्ने) व्यक्तिको बाढीपीडित संघर्ष समितिको सहयोगमा पहिचान गरी दोषीउपर कारवाहीको प्रक्रिया अगाडि बढाउने, बाढीपीडित परिवारका विद्यार्थीलाई ३ वर्षका लागि नेपालभर सरकारी तथा गैरसरकारी स्कुल तथा क्याम्पसमा निःशुल्क अध्ययन तथा पाठ्यपुस्तकको व्यवस्था गर्ने, बाढीपीडित क्षेत्रको सम्पूर्ण क्षतिपूर्ति तथा राहत नेपाल सरकारले यथाशीघ्र निर्णय गरी बाढीपीडितलाई उपलव्ध गराउने, बाढीपीडित क्षेत्रमा भएका जग्गामा जग्गा सुधार कार्यक्रमको साथै सतह सिँचाइको व्यवस्था प्राथमिकताका साथ गर्ने, बाढीका कारण कतिपय उद्योग धन्दा, व्यवसाय र पशुपालन व्यवसायमा क्षति भएकोमा सो को यथार्थ मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन भनिएकोमा आंशिक रुपमा मात्रै पूरा भएको छ ।

सिफारिसमा सहायता उपलब्ध हुनुपर्ने तथा सो घटनाको छानबिन गरी दोषीमाथि कारवाही गर्नुपर्ने उल्लेख थियो । तर को थियो दोषी न त छानबिन भएको छ न त कसैलाई कारवाही नै भएको छ । यसरी हेर्दा सरकारको निर्णय नै कार्यान्वयन नभएको एकातिर देखिन्छ भने अर्कोतिर नियमित रुपमा उब्जाउ हुने खेतमा बालुवा नै बालुवा भएको र भगाङ्लोले खण्ड खण्ड र खाल्डो परेकाले १३ वर्षदेखि अधिकाशं कृषकले पूर्ण रुपमा खेतीपाती गर्न पाएको छैन । फाटफुट रुपमा कोशी कटानका कारण बगरमा परवल खेती गरे पनि अहिलेसम्म त्यो क्षेत्रमा अन्यबाली उब्जाउ हुन नसेको र आफूहरुले पाउने राहतसमेत पाउन नसकेको कोशी गाउँपालिका-६ का जयप्रकाश साहले बताए ।

कोशी कटान विस्थापित भएको दुई वर्षपछि सुकुम्बासीदेखि जग्गा भएका बाढीपीडित विसं २०६७ साउन सम्ममा पुनःस्थापित भएको थियो । विस्थापित भएका कोशीपीडितमध्ये केही विस्थापित भएको चार महिनादेखि दुई वर्षसम्ममा सुकुम्बासीदेखि जग्गा भएकासमेत पुनःस्थापित भए तर जग्गा अहिलेसम्म पूर्वावस्थामा फर्कन सकेको छैन । बाढीपीडितले अझैंपनि आफूहरुले पूर्ण राहतको महसुस गर्न नसकेको गुनासो गरिरहेका छन् । सुनसरीको कोशी बाढीपीडितको अवस्था १३ वर्षपछि मात्र पारिवारिक अवस्थामा क्रमिक रुपमा सुधार हुँदै गएको छ । तर केही बाढीपीडितको अवस्था अहिले पनि दयनीय रहेको छ । १३ वर्ष अगाडि कोशी भत्किँदा विस्थापित र पीडित बनेका पुनःस्थापित भएपछि दैनिक दिनचर्यामा विस्तारै सुधार हुँदै गएको देखिन्छ । सरकारले कोशीपीडितका लागि १३ वर्षको अवधिमा रु.दुई अर्बभन्दा बढी खर्च गरिएको अवस्था छ । तर त्यसको प्रभावकारी अनुगमन नगरिएकाले कोशीपीडित सन्तुष्ट नभएको पाइएको छ । सरकारले कृषि, शिक्षा, स्वास्थ्य, पशु, आवास, पुनःस्थापना, पुनर्बास र राहतलगायतको शीर्षकमा सहयोग गरेको जिल्ला प्रसाशन कार्यालय सुनसरीले जनाएको छ । विभिन्न शीर्षकमा राहत वितरण गरेको भए पनि प्रभावकारी अनुगमन नभएको कारणले केही कोशीपीडित करोडपतिसमेत बनेका छन् भने केही अझैं राहतको पर्खाइमा बसेका छन् ।

कतिले विराटनगर, इटहरी, इनरुवा र शहरी क्षेत्रमा घरजग्गा जोडेका छन् । कति बाढीपीडित अझैंपनि एकछाक खाएपछि अर्को छाक टार्न समस्यामा रहेका छन् । त्यसैले तत्कालको समयमा कोशी बाढीपीडितसँगको सम्झौता कार्यान्वन गर्नु जरुरी देखिन्छ । रासस


## कृष्णनगर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
कृष्णनगर, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०५/०३**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ घ (६) लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार देहायको नदि खोलाहरुबाट बालुवा उत्खनन, संकलन तथा विक्री गरि कर दस्तुर रकम संकलन सम्बन्धी आ.व. २०७८/७९ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरि देहायको मिति र समयभित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कृष्णनगर नगरपालिकाको कार्यालय समय भित्र सम्पर्क राखन सकिनेछ ।

| आय ठेक्का नं. | आयको विवरण | आ.व. ०७८/७९ का लागि कायम न्युनतम अंक (मू.अ. कर बाहेक) | संकलन, उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) घन मि. | बोलपत्र फारम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|
| KNMRBM–01/78/79 | कृष्णनगर नगरपालिका क्षेत्रभित्र पर्ने सुरहीको माडा नाका, दयानगर नाका, गुर्चिहवानाका क्षेत्र (IEE) मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिक्रि शुल्क | १४,६०,३७०/- | ५१७२ | रु.१०००/- | मू.अ.कर सहित कुल कबोल अकंको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| KNMRBM–02/78/79 | कृष्णनगर नगरपालिका क्षेत्रभित्र पर्ने चरगहवा खोलाको हथियागढ नाका, ठकुरापुर नाका क्षेत्र (IEE) मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकलन/बिक्रि शुल्क | ८,५७,१२३/- | ३०३६ | रु.१०००/- | |

**ठेक्का सम्बन्धि शर्तहरू :**

१. माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम खरिद गरि भरेर नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
२. ठेक्का अवधि २०७९ जेष्ठ मसान्तसम्म रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन । प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री विक्री तथा निकासी गर्न सकिनेछ । उत्खनन/संकलन गर्दा व्यक्तिगत जग्गामा क्षति पुर्याउन पाइने छैन साथै निर्माणाधिन पुलको ५०० मि. क्षेत्र बाहिरबाट मात्र उत्खनन/संकलन गर्नु पर्नेछ ।
३. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक कृष्णनगर स्थित बैंक खाता नं. ०१४०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (बिडबण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समाबेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
४. उपरोक्त ठेक्काको लागि कुनै प्रकारको छुट दिइनेछैन । बोलपत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि) तिरी खरिद गर्न सकिने छ ।
५. ठेक्का कवोल अंकको रकम ठेकेदारले एक मुष्ट बैंक दाखिला गरि सोको सक्कलै भौचर कार्यालयमा बुझाउनु पर्ने छ । एकमुष्ट रुपमा नगदै दाखिला नगरेमा कवोल अंकको ५० प्रतिशत रकम अनिवार्य बैंक दाखिला गरि बाकि ५० प्रतिशत यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको नेपाल बैंकबाट बैंक जमानत (विडबन्ड) जम्मा गरेको सक्कल पत्र पेश गर्नु पर्ने छ ।
६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन ।
८. बोलपत्र भर्दा अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख रकमलाइ मान्यता दिइनेछ साथै बोलपत्रदाताले बोलपत्रमा मुल्य अभिबृद्धि कर बाहेकको ठेक अंक उल्लेख गर्नु पर्नेछ ।
९. ठेक्कामा कुनै विवाद भएमा कृष्णनगर नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।
१०. उपरोक्त ठेक्काको लागि सूचन प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरि ८ औं अर्थात मिति २०७८०५१०मध्यान्ह १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु सोहि दिन दिनको २:०० बजे कृष्णनगर नगरपालिकाको कार्यालयमा खोलिनेछ ।
११. बोलपत्र फारम खरिद गर्न, दाखिल गर्न, खोल्ने दिन सार्बजनिक बिदा परेमा क्रमशः सोको भोलिपल्ट सोहि समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
१२. कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ । नगदी रसिद ठेकेदारले आफनै तर्फबाट छपाइ यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ । निर्माण सामग्रीहरुको उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्ने छ ।
१३. नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नुपर्नेछ । सवारी आवागमनलाई अवरोध हुने गरि ढाट राख्न पाइने छैन ।
१४. खोलाबाट सामग्री उत्खनन तथा संकलन गर्दा बिहान सुर्योदय पश्चात र बेलुका अस्त अगावै गरिसक्नु पर्नेछ । साथै मापदण्ड विपरित कुनै पनि प्रकारले संकलन तथा उत्खनन गर्न पाइने छैन ।
१५. ठेकेदारले मासिक रुपमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकरी नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
१६. खोलाबाट संकलन सामग्री नगरपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्ने छ । घाटगद्दी गरिएको सामग्रीको परिमाण नगरपालिकाको अनुगमन समितिबाट यकिन गरि विक्री गर्नुपर्नेछ ।
१७. यस सुचनामा उल्लेख भएका शर्तहरु अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुमा प्रत्येक बुंदाहरु यसै सूचनाका शर्तहरु सरह लागु हुनेछ ।
१८. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समाबेश गरिने छैन ।
१९. अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत